# बेलकोटगढी नगरपालिकाको

# विनियोजन ऐन, २०८०

# बेलकोटगढी नगरपालिकाको विनियोजन ऐन, २०८०

## बेलकोटगढी नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

## नगर सभाबाट स्वीकृत मिति : २०८०/०३/१०

**प्रस्तावना** : बेलकोटगढी नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बेलकोटगढी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम **"बेलकोटगढी नगरपालिकाको विनियोजन ऐन, २०८०** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष **२०८०/८१** को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.८०,१४,८४,०००।- (अक्षरेपी असी करोड चौध लाख चौरासी हजार मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : **(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८०/८१** को निमित्त बेलकोटगढी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. प्रादेशिक सशर्त अनुदान सँग कुनै कार्यक्रम बाभिन गएमा खर्च शिर्षक परिवर्तन नहुने गरी यस नगरपालिकाबाट छानिएका योजनाहरुलाई संशोधन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

## अनुसूची १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क्र स | शीर्षकको नाम | चालु<br>आ.व. | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | १९ करोड १७ लाख | १४ करोड ८० लाख ४२ हजार | ३३ करोड ९७ लाख ४२ हजार |
| २ | वडा कार्यालय | ५५ लाख | ३ करोड ३५ लाख | ३ करोड ९० लाख |
| ३ | सशर्त अनुदान संघ | ३२ करोड ९१ लाख | ३ करोड २० लाख | ३६ करोड ११ लाख |
| ४ | सशर्त अनुदान प्रदेश | २ करोड २१ लाख ४२ हजार | ३ करोड ९५ लाख | ६ करोड १६ लाख ४२ हजार |
| **जम्मा** | | **५४ करोड ८४ लाख ४२ हजार** | **२५ करोड ३० लाख ४२ हजार** | **८० करोड १४ लाख ८४ हजार** |